म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १५० बिहीबार, १ माघ २०८२ ने. सं. ११४६ पोहेलाथ्व 15 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीका निशान बारामा गाँजासहित पक्राउ

हेटौंडा, ३० पुस/जिल्ला प्रहरी कार्यालय बाराले लागूऔषध गाँजासहित मकवानपुरको मनहरीका एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मनहरी गाउँपालिका-६ बस्ने २४ वर्षीय निशानबहादुर सेन्चुरी रहेको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । प्रहरीचौकी जैतापुर र अस्थायी प्रहरी पोस्ट पिलुवाबाट खटिएको संयुक्त प्रहरीटोलीले जीतपुरसिमरा उपमहानगरपालिका-१८ बडर्वास्थित मनहरीबाट कलैयातर्फ जाँदै गरेको बिएसी २३४३ नम्बरको योद्दा पिकअपलाई शंकालागी सुरक्षाजाँच गर्दा लागूऔषध गाँजा बरामद गरेको थियो । प्रहरीले पिकअपको पछाडिको भागमा फल्स बटम बनाइ लुकाई छिपाई ल्याएको २० वटा प्याकेटमा २०३ किलो लागूऔषध गाँजा फेला परेको जनाएको छ । गाँजासहित निशानलाई नियन्त्रणमा लिई थप अनुसन्धानकार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# कैलाशको संशोधित बजेट पारित

साझाकुरा संवाददाता




हेटौंडा, ३० पुस/ मकवानपुरको कैलाश गाउँपालिकाले संशोधित बजेट पारित गरेको छ । गाउँपालिकाको बिहीबार बसेको १७ औं गाउँसभाले आन्तरिक स्रोततर्फबाट सञ्चालित २ करोड ५१ लाख रुपैयाँ संशोधित बजेट पारित गरेको हो ।

गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले सभामा पेश गरेको बजेट कार्यक्रमलाइ अध्यक्ष लोकबहादुर मुक्तानले निर्णायार्थ पेश गरेका थिए । अध्यक्ष मुक्तानले पेश गरेको बजेट कार्यपापलिका सदस्यहरुले सर्वसम्मतरुपमा पारित गरेका थिए । कैलाशले चालुतर्फ आन्तरिक स्रोततर्फबाट ९ करोड ४२ लाख रुपैयाँ, पुँजीगततर्फ १५ करोड ४८ लाख रुपैयाँ सहित कुल २४ करोड ९१ लाख रुपैयाँ संशोधित बजेट कार्यान्वयनमा लाने भएको छ । गाउँपालिकाले आन्तरिक स्रोतबाट २ करोड ५१ लाख रुपैयाँ बजेट थप गरेको हो ।

यसअघि गत असार १० मा गाउँपालिकाले ५४ करोड २९ लाख रुपैयाँ बजेट ल्याएको थियो । कैलाशले यो बजेटमा समावेश भएको विशेष तथा सशर्त अनुदानवापतको रकम भने संशोधन गरेको छैन । कैलाशले १७ वटा आयोजना हटाएको छ भने ४३ वटा योजना थप गरेको छ । १४ योजनामा रकम घटाउनुको साथै ४ योजनामा रकम थप गरेको छ । सभामा विद्यायन समितिका संयोजक भूवनसिं घलानले गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, गाउँपालिकाको बेरुजु फर्स्यौट कार्यविधि ०८२, गाउँपालिकाको लेखा समिति गठन तथा सञ्चालन कार्यविधि र गाउँसभा सचिवालय स्थापना तथा कार्यसञ्चालन कार्यविधि प्रस्तुत गरेका थिए ।

उपाध्यक्ष मल्लठकुरीले चालु आर्थिक वर्षको विनियोजन ऐन, बजेट तथा कार्यक्रमको संशोधित अनुमान विभिन्न एजेन्डाका विषय प्रस्तुत गरेका थिए । सभामा चेली प्रोत्साहन कार्यक्रमअन्तरगत चेलीसहित विभिन्न क्षेत्रका कर्मचारी र व्यक्तिलाई नगदसहित सम्मान गरिएको थियो । १२ कक्षा उत्तीर्णपश्चात २० वर्ष पुराभई विवाह गर्ने ७ जना चेलीलाई नगद २० हजारसहित सम्मान गरिएको हो । सम्मानित हुनेमा कैलाश-९ की आइस्का थापा, कैलाश-१० की कुमारीमाया स्याङ्तान र एस्तर प्रजा, कैलाश-१ की विमला थापामगर र रीता थापामगर, कैलाश-२ की पुष्पा प्रजा, कैलाश-५ की सिर्जना दर्लामीमगर रहेका छन् ।

स्वास्थ्यतर्फ नामटार स्वास्थ्यचौकीकी सिनियर अनमी नानीमैया सत्याल, लिक्चे आधार भूत स्वास्थ्यचौकीका हेल्थ असिस्टेन्ट सरफोदिन राउतगद्दी र गोगने स्वास्थ्यचौकीका कार्यालय सहयोगी टोलकुमारी सुवेदीलाई नगदसहित सम्मान गरिएको थियो । प्रशासन तथा प्राविधिकतर्फ कैलाश गाउँपालिकामा कार्यरत सहायक महिला विकास निरीक्षक रमिला सापकोटा, कृषिप्राविधिक उमेश गुरुङ, कार्यालय सहयोगी भाइविक्रम मल्ल, कैलाश-९ मा कार्यरत सवइन्जिनियर धीरेन्द्र राई, कैलाश-२ का वडासचिव नितेशकुमार यादव, कैलाश-१ का सामाजिक परि चालक राजकुमार मुक्तान, कैलाश-८ का कार्यालय सहयोगी विशाल मुक्तानलाई नगदसहित सम्मान गरिएको थियो ।

त्यस्तै, शिक्षाक्षेत्रतर्फ एसईइमा उत्कृष्ट नतिजा ल्याउने विद्यालयमा कमलादेवी माध्यमिक विद्यालय, एसईइमा उत्कृष्ट अंक ल्याउने आयुष्मा घिसिङ, यमबहादुर गुरुङ र स्वर्णिम स्याङ्बो, कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने अरुणा घलानलाई नगद सहित पुरस्कृत गरिएको थियो ।

सेवानिवृत्त पूर्व प्रधानाध्यापक मोहन शिवाकोटी, प्रधानाध्यापकद्वय देवेन्द्रप्रसाद यादव र निर्मला सिन्तान, शिक्षकमा प्रावितर्फ सन्तोषी साह र लक्ष्मण प्रसाद बर्तौला, निमावितर्फ मञ्जुकुमारी कार्की र परमानन्द झा, प्रारम्भिक बालविकास सहजकर्तातर्फ बुद्धिमाया मुक्तान, विद्यालय कार्यालय सहयोगीद्वय सिंहबहादुर प्रजा र पदमराज रुम्बालाई नगदसहित सम्मान गरिएको थियो ।

त्यस्तै, सञ्चारकर्मीतर्फ प्रष्टखबर डटकमका सुनिल शिवाकोटी, निर्माण व्यवसायीतर्फ पल्भिस कन्स्ट्रक्सन एण्ड सप्लायर्सका सञ्चालक सुनिल शर्मा, उपभोक्ता समितितर्फ वाक्सिराङ कालिका मन्दिर संरक्षण उपभोक्ता समिति कैलाश-८ का अध्यक्ष वीरबहादुर लोप्चन, मेडपा उद्यमीतर्फ रेशम थिङ, कृषकतर्फ सूर्यबहादुर थिङलाई नगदसहित सम्मान गरिएको थियो ।


# हार्दिक बधाई तथा शुभकामना


श्री राजेन्द्रबिक्रम बानियाँ


श्री बद्री प्रसाद चौलागाई


श्री सालिकराम ढकाल

नेपाल ट्रक यातायात व्यवसायी महासंघको मिति २०८२/०९/२६ र २७ गते काठमाडौंमा सम्पन्न १७ औं वार्षिक साधारण सभा र ८ औं महाधिवेसनबाट अध्यक्ष पदमा **श्री राजेन्द्रबिक्रम बानियाँ**, महासचिव पदमा यस संघका निवर्तमान अध्यक्ष **श्री बद्री प्रसाद चौलागाई** र केन्द्रीय सदस्य पदमा यस संघका सचिव **श्री सालिकराम ढकाल** निर्वाचित हुनु भएकोमा यस संघको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सरोजकुमार खनाल (महासचिव) एवम् हिरालाल श्रेष्ठ (अध्यक्ष)

**नारायणी यातायात व्यवसायी संघ**
**कार्य समिति परिवार**

पारिजातपथ, हेटौंडा-४, मकवानपुर
फोनः ०५७-५२०६७०


### गत आर्थिक वर्षमा मात्रै १ सय २ जनाको उद्दार

# मानवसेवा आश्रमको वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक




साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ मानवसेवा आश्रम मकवानपुरले गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ ।

हेटौंडास्थित केन्द्रीय कार्यालयमा बुधबार आयोजित कार्यक्रममा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले प्रतिवेदन सार्वजनिक गरेका हुन् । प्रतिवेदनमा गत आर्थिक वर्षको आयव्यय विवरण, सेवाप्रगति, सेवाविस्तारका प्रयास तथा आगामी वर्षका प्राथमिकता समेटिएका छन् । मुख्य कार्यालय हेटौंडाले स्थापना कालदेखि हालसम्म १ हजार ८ सय ८९ जना सहयोगापेक्षी मानवको उद्दार गरेको जनाएको छ । उद्दार गरिएकामध्ये १ हजार २ सय ५४ जना पुरुष र ६ सय ३५ जना महिला रहेका छन् ।

आश्रमले हालसम्म ९ सय ५८ जनाको पारिवारिक पुनर्मिलन गराएको अध्यक्ष अधिकारीले बताए । आश्रममा आश्रित रहँदा २ सय ८८ जनाको निधन भएको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, ४ सय ६९ जना परामर्शपछि स्वेच्छाले स्वावलम्बी जीवन जिउने प्रतिबद्धता सहित आश्रमबाट बाहिरिएका छन् भने ६८ जना सामुदायिक पुन:स्थापनामा गएका छन् । गत आर्थिक वर्षमा मात्रै हेटौंडा केन्द्रले १ सय २ जनाको उद्दार गरेको जनाएको छ । हाल आश्रममा ४ जना बालबालिकासहित २ सय ४३ जना आश्रित रहेका छन् । तीमध्ये १ सय ६६ जनाले नियमितरुपमा मानसिक रोगसम्बन्धी औषधि सेवन गरिरहेको बताइएको छ ।

आश्रमका ७ प्रदेशका २१ जिल्लामा सञ्चालित २९ वटा सेवाकेन्द्रमा २ हजार २८ जना आश्रित छन् । देशभर हालसम्म १२ हजार ६ सय ७१ जनाको उद्दार गरिएको प्रतिवेदनमा उल्लेख छ । ५ हजार दुई सय भन्दा बढीको पारिवारिक मिलन गराइएको अध्यक्ष अधिकारीले बताए । सडकपेटी तथा सार्वजनिकस्थलमा खुला आकाशमुनि कष्टपूर्ण जीवन बिताउन बाध्य भएका मानवलाई खाना, नाना, छाना, स्वास्थ्य र शिक्षाको प्रबन्ध गर्ने उद्देश्यले २०६९ सालमा मानवसेवा आश्रमको स्थापना गरिएको हो ।

आश्रमले सीमापारीका भारतीय नागरिकको पुनर्मिलन गराउन भारतको श्रद्धा फाउन्डेसनसँग सम्झौता गरेको जनाएको छ । मानवीयता र राष्ट्र निर्माणका लागि आश्रमले तत्काल तथा पाँच वर्षभित्र कार्यान्वयन गरिने योजना तयार पारेको छ । तत्कालका योजनामा उद्दार टोली तयार तथा परिचालन, मेची-महाकाली उद्दारयात्रा, पूर्वाधार विकास, नयाँ शाखा स्थापना तथा सेवाविस्तार, सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र घोषणा रहेका छन् ।

त्यस्तै, पञ्चवर्षीय योजना अन्तर्गत उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन, मानसिक स्वास्थ्य पुन:स्थापना केन्द्र, ज्येष्ठनागरिक सेवाकेन्द्र, मानवसेवा अध्ययन केन्द्र, मानवसेवा वृद्धग्राम, मानवसेवा कोसेली घर, पुन:स्थापना केन्द्र, प्राणी सेवाकेन्द्र, सेवा विस्तार सेफ हाउस, करुण सेना सञ्चालन लगायत १४ वटा योजना समेटिएका छन् ।

# सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन चुनौतीपूर्ण

साझाकुरा संवाददाता




हेटौंडा, ३० पुस/ बागमती प्रदेश सरकारले नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रुपमा कार्यान्वयनमा ल्याएपनि यसको व्यवहारिक प्रयोग अझै चुनौतीपूर्ण रहेको सरोकारवालाले औंल्याएका छन् ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) उपत्यका प्रदेश समितिले बुधबार आयोजना गरेको 'फोनिज संवाद'मा बोल्दै विज्ञ तथा अधिकारीहरुले नीतिगत व्यवस्था भएपनि कार्यान्वयनको पाटो फितलो रहेको बताएका हुन् । आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले मातृभाषाको संरक्षण र प्रवर्द्धनका लागि सरकारले विनियोजन गर्ने बजेट निकै कम भएको टिप्पणी गरे । उनले केवल कुरामा मात्र सीमित नभई काममै देखिने गरी थप बजेट र कार्यक्रमको व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

आयोगले जनजातिका हकहितका लागि सरकारलाई विभिन्न सिफारिस पठाइसकेको जानकारी दिँदै उनले अब कार्यान्वयनको पाटोमा सरकार गम्भीर हुनुपर्ने बताए । बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयका उपसचिव पवनकुमार पोखरेलले सरकार अस्थिर हुँदा ऐन, नियम बनाउन र बजेट कार्यान्वयन गर्न समस्या परेको यथार्थ सुनाए । भाषागत प्रशिक्षण र साहित्य विकासका लागि बजेट छुट्याइएको भएपनि सम्बन्धित सरोकारवाला बजेट माग गर्न नआउँदा सो रकम खर्च हुन नसकेको उनले खुलासा गरे । भाषा आयोगका कायममुकायम सचिव डा. लोकबहादुर लोप्चनले भने प्रदेशले भाषा प्रशिक्षक र अनुवादक राखेर सरकारी कामकाजमा सहजीकरण गर्ने प्रयास गरिरहेको जानकारी दिए ।

नेपाल आदिवासी जनजाति महासंघका महासचिव दिवस राईले संविधानको मर्मअनुसार मातृभाषाको संरक्षण गर्नु संघीयता कार्यान्वयनको एउटा महत्वपूर्ण पाटो भएको बताए । फोनिजका केन्द्रीय अध्यक्ष लक्की चौधरीले भाषिक लवज र मातृभाषा जोगाउन ती भाषा बोल्ने मानिसको संख्या बढाउनु पर्नेमा जोड दिए । उपत्यका प्रदेश अध्यक्ष प्रशान्त मालीले राज्यको पहुँचबाहिर रहेका समुदायलाई मूलप्रवाहमा ल्याउन बजेट र ठोस नीतिको खाँचो रहेको औंल्याए ।


**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

साझाकुरा

## हाम्रो कुरा

# हचुवाका योजना, संचालनमा बिलम्ब

बागमती प्रदेशका ८ जिल्लामा निर्माण गरिएका ११ वटा भ्यूटावरमध्ये अझै ६ वटा हस्तान्तण हुन सकेको छैन । निर्माण भइसकेका ६ वटा भ्यूटावर सञ्चालनमै नआई मर्मतसम्भार गर्नुपर्ने अवस्थामा पुगेको छ । योजना छनोटमा हचुवा काम भएका कारण यतिबेला समस्या आएको देखिन्छ । भ्यूटावर निर्माण गर्नुभन्दा जरुरी स्वास्थ्यचौकी, अस्पताल, विद्यालय भवन बन्नु जरुरी थियो । तर, प्रदेश सरकारले पनि भ्यूटावरलाई उच्च प्राथमिकतामा राख्यो । नेपालका डाँडाकाँडा आफैंमा भ्युटावर हुन् । प्रकृतिले नै निर्माण गरेको डाँडामा भ्युटावर निर्माण गर्नुको खासै अर्थ थिएन । यदि मुलुक सम्पन्न भइसकेको भए पर्यटकीय दृष्टिकोणले भ्यूटावर पनि बन्नु पर्दथ्यो तर, ऋण लिएको पैसाले बनाइएको भ्यूटावर बेकाम्मे भएका छन् । हस्तान्तरण भइसकेका मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक र दोलखा बाहेक काभ्रे, रामेछाप, सिन्धुली र धादिङमा निर्माण गरिएका भ्यूटावर सञ्चालनमा आउन नसकेको हो । ३२ करोड ८४ लाख ३ हजार ३३९ रुपैयाँ बजेटबाट ११ वटा भ्यूटावर बनाइएको थियो । काभ्रेको रोशी गाउँपालिकास्थित रोशी भूमिचुलीमा २ करोड ६१ लाख २३ हजार ४६५ रुपैयाँको लागतमा भ्यूटावर र पदमार्ग निर्माण गरिएको छ ।

धादिङको धुनिबेसी नगरपालिकाको तोप्लाङमा २ करोड १८ लाख ८९ हजार ६६९ रुपैयाँमा भ्यूटावर र शौचालय तथा दोलखाको जिरी नगरपालिकामा २ करोड ६४ लाख ३४ हजार ९९६ रुपैयाँको लागतमा भ्यूटावर र सभाहल निर्माण भएका छन् । रामेछापको गोगनपानी सुलीथुम्का खाँडादेवी गाउँपालिका-५ मा दुईचरणमा गरी ३ करोड २० लाख ६० हजार ८५१ रुपैयाँमा र सिन्धुलीको कमलामाई नगर पालिकाको सिद्धबाबा चुचुरोमा पनि दुईचरणमै गरेर २ करोड ६० लाख ८ हजार ३१० रुपैयाँमा भ्यूटावरसहित पदमार्ग, शौचालयलगायतका संरचना निर्माण भएको मन्त्रालयले जनाएको छ । सिन्धुलीकै सिन्धुलीगढी हिलस्टेसन (बहुउद्देश्यीय भवन र बगैंचा) २ करोड ४७ लाख ६७ हजार ४६१ रुपैयाँमा निर्माण भएको हो । बागमती प्रदेश सरकारको लगानीमा २०७६ सालदेखि निर्माण सुरु गरेको ११ भ्यूटावरमध्ये ५ वटा हस्तान्तरण गरिएको छ । मकवानपुर, नुवाकोट, दोलखा र सिन्धुपाल्चोकमा निर्माण भएका ४ वटा भ्यूटावर सम्बन्धित स्थानीय तह र एउटा सामुदायिक वन समितिलाई सञ्चालनको जिम्मा लगाइएको प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयले जानकारी दिएको छ । पर्यटन पूर्वाधार हस्तान्तरण तथा सञ्चालन कार्यविधि-२०८१ अनुसार स्थानीय तहलाई वा स्थानीय तहले सिफारिस गरेका निकायलाई हस्तान्तरण गर्नसक्ने व्यवस्थालाई टेकेर मन्त्रालयले ४ पालिका र एक सामुदायिक वनलाई भ्यूटावर दिएको हो । मकवानपुरको चित्लाङ हिलस्टेसन, नुवाकोटको ककनी र चिम्टेश्वरस्थित भ्यूटावरसहित वनबगैंचा पार्क, दोलखाको शैलुङमा निर्मित गोलघर सहितको बगैंचा, मनोरञ्जन पार्क र सिन्धुपाल्चोकको मुडे हिलस्टेसन सञ्चालन गर्न हस्तान्तरण गरिसकिएको मन्त्रालयले जानकारी दिएको छ । २०७६ र २०७८ सालमा दुईचरणमा गरी निर्माण सम्झौता गरिएको मकवानपुरको चित्लाङ हिलस्टेसन ५ करोड २७ लाख ४७ हजार ८५२ रुपैयाँमा (मूल्य समायोजन सहित) बनेको हो ।

यो भ्यूटावर थाहा नगरपालिकालाई हस्तान्तरण गरिएको छ । २०७७ सालमा सम्झौता भएर २ करोड ३६ लाख ५४ हजार ३१८ रुपैयाँमा निर्माण भएको शैलुङ भ्यूटावर शैलुङ गाउँपालिकालाई हस्तान्तरण गरिएको छ । २०७६ र २०७८ सालमा सम्झौता भई दुई चरणमा गरेर ५ करोड ८८ लाख ८६ हजार ८५ रुपैयाँमा बनेको नुवाकोटको ककनी हिलस्टेसन ककनी गाउँपालिकाको जिम्मा लगाइएको मन्त्रालयले जानकारी दिएको छ । नुवाकोटकै चिम्टेश्वरमा निर्मित भ्यूटावर बेलकोटगढी नगरपालिकाको जिम्मा लगाइएको मन्त्रालयले जनाएको छ । २ करोड ७४ लाख ३८ हजार ७६८ रुपैयाँ लागतमा निर्मित यो भ्यूटावर २०७७ सालबाट निर्माण सुरु गरिएको थियो । यसैगरी, सिन्धुपाल्चोकमा अवस्थित मुडे हिलस्टेसन स्थानीय मूलखर्क सामुदायिक वनलाई हस्तान्तरण गरिएको छ । २०७८ बाट निर्माण थालिएको मुडे हिलस्टेसन दुईचरणमा गरेर ५ करोड ५० लाख ९५ हजार ८३४ रुपैयाँमा निर्माण गरिएको पर्यटन मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयका अुनसार सम्बन्धित पालिकाले भ्यूटावर सञ्चालनको ठेक्का लगाउने छन् । कार्यविधिले व्यवस्था गरेअनुसार पर्यटकबाट प्राप्त राजस्व ७० प्रतिशत सम्बन्धित पालिकालाई र ३० प्रतिशत प्रदेश सरकारलाई बाँडफाँट हुनेछ । मन्त्रालयले निर्माण भइसकेको भ्यूटावर विगत लामो समयदेखि सञ्चालनमा ल्याउन नसक्दा राजस्व गुमिरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २ गते शुक्रबार १६ जनवरी २०२६ । त्रयोदशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:३० । भूकम्प सुरक्षा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोरञ्जन प्राप्त हुनेछ | तुला | : मनमा निरासा उत्पन्न हुनेछ |
| वृष | : व्यापारबाट लाभ मिल्नेछ | वृश्चिक | : समयले साथ दिनेछ |
| मिथुन | : स्वास्थ्योपचारमा खर्च हुनेछ | धनु | : रमाइलोमा दिन बित्नेछ |
| कर्कट | : मानसिक असन्तुष्टि बढ्नेछ | मकर | : जोश जागर आउनेछ |
| सिंह | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | कुम्भ | : समयले साथ दिनेछ |
| कन्या | : काम अपुरै रहने देखिन्छ | मीन | : राम्रो समाचार सुन्न पाइनेछ |

# वाम आँखामा कांग्रेसको विशेष महाधिवेशन



युवराज चौलागाईं

२०६२/६३ सालको जनआन्दोलन सफल भएपछि खुला रूपमा माओवादी काठमाडौँ आउनुभन्दा अगाडि म केही साथीहरू सहित काठमाडौँ आइसकेको थिएँ । त्यसबेला म अखिल क्रान्तिकारीको केन्द्रीय कोषाध्यक्ष थिएँ । गगन थापा नेविसंघका महामन्त्री थिए । विद्यार्थी सङ्गठनहरूका संयुक्त बैठकहरूमा हाम्रा भेटघाट भइबस्थे । जनआन्दोलनताका आम जनताका लागि एकातिर माओवादीहरू एजेण्डा र सैर्षका कारण कौतूहलका विषय थिए भने अर्कातिर गगन थापा लगायतका केही युवाहरू उनीहरूका विचार र सक्रियताका कारण चर्चा र आकर्षणका विषय थिए । गणतन्त्रको चर्को वकालत गरिरहेका हाम्रा लागि सहरमा गणतन्त्रका सुरिला नारा लगाउने गगन थापाहरू प्रिय थिए । उनीहरूलाई पार्टीले कारबाही गर्दा वा उनीहरूले गणतन्त्रको पक्षमा माहोल बनाउँदै गर्दा विद्रोही भूमिगत युवाहरू त्यसमा आफ्नो छाया देख्थे । त्यसै बेलादेखि गगन थापा मेरा लागि प्रिय छन् । उनको स्पष्टवादिता, आँट र समय चिन्न सक्ने खुबी प्रेरक छ ।

पछिल्लो चरण उनै गगन थापा फेरि एक पटक चर्चामा छन् । नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन उनको अग्रसरता र नेतृत्वमा चलिरहेको छ । जेनजी आन्दोलनपश्चात् पार्टीहरूको दिशा र दशाको बारेमा अनेक कोणबाट बहस भइरहेको र पुराना पार्टीहरूप्रति एक प्रकारले दिग्दारी प्रदर्शन भइरहेको परिप्रेक्ष्यमा उनले विशेष महाधिवेशनको जोखिम मोलेर नयाँ पहल लिएका छन् । गगनको पहलले सिङ्गै नेपाली कांग्रेसलाई नयाँ दिशा दिन सक्छ कि फुट विभाजनतिर लिएर जान्छ - त्यो अझै यकिन भइसकेको अवस्था छैन । तैपनि, देशको पुरानो दल नेपाली कांग्रेस उनको विचार र नेतृत्वमा अघि बढोस् भन्ने उनका शुभेच्छुकहरू उल्लेख्य संख्यामा देखिएका छन् । उनलाई मेरो तर्फबाट पनि शुभकामना छ ।

विशेष महाधिवेशनमा गगन थापाले पेस गरेको समसामयिक राजनीतिक प्रस्ताव आम सञ्चारका माध्यमहरूमा सार्वजनिक भएसँगै तिनलाई मैले पनि कौतूहलका साथ पढेँ । मलाई लाग्यो विशेष महाधिवेशन त नेपाली कांग्रेसको भइरहेको छ तर कांग्रेससँगै दलहरूको भूमिका, देशको अवस्था र वर्तमान व्यवस्था तथा भविष्यको मार्गबारे यसलाई अनेक कोणबाट बहस गर्न जरुरी छ । नेपाली कांग्रेस वैचारिक दर्शनका हिसाबले मध्यमार्गी (सेन्ट्रिस्ट) दल हो । तर पछिल्लो दशकमा यो दलले सेन्टर-लेफ्ट दलका रूपमा भूमिका निर्वाह गऱ्यो । तर कांग्रेस त्यसै वा रहरले मध्य वाम कित्तामा आएको चाहिँ होइन । कांग्रेसलाई यस कित्तामा उभ्याउने पछिल्लो नेता दिवंगत गिरिजाप्रसाद कोइराला हुन् । चरम दक्षिणपन्थीको छवि बनाएर २०४७ सालपछि राष्ट्रिय राजनीतिमा उदाएका कोइराला जीवनको उत्तरार्द्धमा वाम रुझानमा पुग्न बाध्य भए ।

तत्कालीन दरबारबाट दल र नेताहरू माथि भएका अमर्यादित व्यवहार, राजाको पटक-पटकको धोका र बेइमानी अनि माओवादी आन्दोलनको तीव्र दबाबका बीच गिरिजाप्रसाद कोइरालाले कांग्रेसलाई मध्यमार्गमा टिकाइराख्न सकेनन् । राजनीति यसरी तीव्र ध्रुवीकरणमा गयो कि उनले सेन्टर टू लेफ्ट कदम चाल्न अपरिहार्य बन्यो । आफ्नो र राजाको घाँटी जोडिएको बताउने बीपीका सहोदर भाइ, संवैधानिक राजतन्त्र छाडे दल त्याग गर्न तयार कृष्णप्रसाद भट्टराई लगायत हजारौँ नेता-कार्यकर्ताका सहयोद्धा र आफैंले कठोर वामविरोधी छवि बनाएका कोइरालाले ती सबैलाई एकैपटक छेउ लगाएर विद्रोही माओवादीसँग १२ बुँदे समझदारी मात्र गरेनन्, अनेक क्रान्तिकारी कदमहरूका नेता र सहयोगी बने ।

विद्रोही नेता प्रचण्डसँग उनको गहिरो दोस्ती बन्यो । त्यही 'मुभ' को जगमा २०४७ सालको संविधान खारेज भएर अन्तरिम संविधान बन्यो । उनकै मार्ग पछ्याउँदै सुशील कोइराला र शेरबहादुर देउवाहरूले नेपाली कांग्रेसलाई अघि बढाए । कांग्रेस समेतको सक्रियता र स्वामित्वमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशीता, सामाजिक न्याय सहितको समाजवादको गन्तव्य साधेको लोकतन्त्र संविधानको प्रबन्ध बन्यो । आज कांग्रेस मध्यमार्गी छैन, वामतिर फर्किएको मात्र पनि छैन बरू यो त वाम यात्रामा नै छ । तर, गगन थापाहरूले अघि बढाउन खोजेको राजनीतिक प्रस्तावनाले यो मार्गको स्वामित्व लिन्छ कि अस्वीकार गर्छ? यसमा चर्चा आवश्यक छ ।

### गगन लेफ्ट टू राइट सिफ्ट चाहन्छन्?

सार्वजनिक भए अनुसारको गगन थापाले विशेष महाधिवेशनमा पेस गरेको समसामयिक राजनीतिक प्रस्ताव पठनीय छ । गगनले आजको कांग्रेसको सटीक शल्यक्रिया गरेका छन् । त्यहाँ उनी भन्छन्- अहिले कांग्रेसलाई साहस होइन सम्झौता, आदर्श होइन अवसरवाद, निष्ठा होइन भ्रष्टाचारको पर्यायका रूपमा बुझिन्छ । दल सुधार मार्फत कार्यमूलक लोकतन्त्रको परिकल्पना गरेका उनले कांग्रेस सुधारका लागि छड्के प्रवेश लगायतका नयाँ अवधारणा ल्याएका छन् । आरक्षित निर्वाचन क्षेत्रका लागि 'सिंगल रोटेशनल रिजर्भ्ड कन्स्टिच्युएन्सी' अवधारणा अघि सारिएको छ तर यसको व्याख्या छैन । यसलाई समावेशी समानुपातिक प्रणालीको विकल्प र प्रत्यक्ष निर्वाचित प्रणालीकै निरन्तरताका रूपमा व्याख्या गरिएको हो कि जस्तो देखिन्छ जुन संवेदनशील सवाल हो । साथै उनले वर्तमान सङ्कट र विगतका कमजोरीहरूप्रति आत्मालोचना सहित क्षमायाचना गरेका छन् र सच्चिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

तर, सच्चिने केमा? विचारमा कति, नीतिमा कति, कार्यक्रममा कति । अन्य कुराहरूमा उनका कुरा सीधा र बुझिने खालकै छन् तर उनमा वैचारिक अलमल देखिन्छ । के गगन थापा विचारमा सेन्टर टू लेफ्ट यात्रारत कांग्रेसलाई फर्काएर सेन्टर टू राइट यात्रामा लैजान चाहन्छन्? गगनको प्रस्तावकै आधारमा भन्दा त्यस्तो आधार देखिन्छ । त्यसका प्रशस्त सङ्केतहरू कांग्रेसको विशेष महाधिवेशनबाट पारित राजनीतिक प्रस्तावमा पाइन्छ ।

### के हुन् त ती सङ्केतहरू?

पहिलो कुरा, नेपालको संविधानले जोड दिएर अगाडि सारेको समाजवादबारे गगनको प्रतिवेदनमा एक शब्द पनि छैन । कांग्रेस स्वयंको विचारको आधार प्रजातान्त्रिक समाजवाद हो । बीपी कोइराला समाजवादको मान्यतामा आजीवन रहे, उनको भारतीय लगायतको अन्तर्राष्ट्रिय संस्थागत हिमचिम र संलग्नता समाजवादी कित्तामै रह्यो । नेपालको संविधानमा समाजवाद शब्द त्यत्तिकै परेको होइन भन्ने कुरा गगन थापा र विशेष महाधिवेशनलाई थाहा नहुने कुरा होइन ।

पार्टीको वैचारिक परम्परा र मुलुकको संविधानमा समेत लिपिबद्ध रहेको समाजवाद हासिल गर्न गगन थापा पार्टी मार्फत के गर्न चाहन्छन् त ? उनको दस्तावेजमा यो कतै चर्चा छैन । अर्का महामन्त्री विश्वप्रकाश शर्माले पेस गरेको संगठनात्मक प्रतिवेदनमा समाजवादको चर्चा नभएको होइन तर शर्मा स्वयम्ले मूल नेताका रूपमा अघि सारेका नेताबाट नआएर राजनीतिक दस्तावेजमा नभई सङ्गठनात्मक कार्यक्रममा त्यसरी आउनु स्वाभाविक देखिँदैन । यसबाट गगन स्वयं र विशेष महाधिवेशनको समाजवाद प्रतिको प्रतिबद्धतामा स्वाभाविक प्रश्न उठ्दछ ।

दोस्रो, गगन थापाले आफ्नो राजनीतिक प्रस्तावमा संवैधानिक उदारवादलाई नेपाली कांग्रेसको आधारभूत सिद्धान्त बताएका छन् । यहाँ ख्याल गर्नु पर्ने कुरा के छ भने संविधानमा भएको समाजवादबारे चर्चै नगरेर राज्यका मूल दस्तावेजहरूमा नसमेटिएको उदारवादलाई संवैधानिक बनाउन जोड गरिएको छ । यो एक गम्भीर विषय हो । वास्तवमा उदारवाद समाजवाद विरोधी विचारधारा हो । भन्दै र मान्दै आएको समाजवादबारे एक शब्द नबोलेर उदारवादको चर्चामा जब कुनै दल विशेष अतिरिक्त रूपमा मोहित छ भने त्यसको अर्थ के हो भनेर धेरै घोत्लिरहनु पर्दैन । अर्थ प्रष्टै छ कि उदारवाद र समाजवाद सँगसँगै जान सक्दैनन् । गजबको कुरा त के छ भने उदारवादको वकालत गर्ने चर्चित चिन्तक फ्रान्सिस फुकुयामा समेत आज उदारवादको आलोचकका रूपमा खडा छन् ।

भूराजनीतिक कोणबाट हेर्दा आजको दिनमा नेपाली राजनीतिमा उदारवादको वकालत अमेरिकी प्रभावलाई निम्ता हो । जेनजी आन्दोलनपछि नेपालमा बढ्न खोजिरहेको दक्षिणपन्थी रुझान गगन थापाको उदारवादी जस्केलाबाट अति दक्षिणपन्थी भएर निस्किने सम्भावना ज्यादा देखिन्छ । यसमा पश्चिमा शक्ति खासगरी अमेरिकाको सद्भाव र सहयोग राम्रैसँग उपलब्ध हुने आकलन अहिल्यै गर्न सकिन्छ । तर उदारवादी राजनीति र अर्थनीति छिमेकी भारतले अवलम्बन गरेको प्रतिस्पर्धात्मक एवं सहकार्यको संघीय लोकतन्त्रको मान्यता र चीनको समाजवादी मान्यताका बीच टिक्न नसक्ने वैचारिक मान्यता हो ।

तेस्रो कुरा, राजनीतिक प्रस्तावमा गगन थापा संघीयतावादी कम, केन्द्रवादी ज्यादा देखिन्छन् । नेपालको संघीयता कार्यान्वयनका समस्याहरूबारे उनले ज्यादै कम र सतही चर्चा गरेका छन् । प्रदेश र स्थानीय तहहरूको सबलीकरणबारे उनी प्रष्ट र मुखर लाग्दैनन् । संघले बनाउनै पर्ने कानुन बनाएर प्रदेशहरूलाई नदिएको हुनाले आज संघीयताको अभ्यास भीरको चिण्डो जस्तो हुन पुगेको छ । प्रहरी ऐन, निजामती कर्मचारी ऐन, यातायात सम्बन्धी ऐन लगायत दर्जनौं कानुन, राम्रो नियत र असल अभ्यासको अभावमा प्रदेशहरूलाई काम गर्न गाह्रो भइरहेको छ । वित्तीय संघीयताको हालत पतला छ । यस्तो गम्भीर विषयमा मौनता सामान्य हो भनेर पत्याउन सकिँदैन ।

चौथो कुरा, धनी र गरिबका बीचको बढ्दो आर्थिक सामाजिक खाडल र त्यसको समाधानबारे विशेष महाधिवेशन मौन छ । पछिल्ला प्रतिवेदनहरू अनुसार नेपालमा धनी र गरिबका बीचको असमानताको खाडल तीव्र रूपमा बढ्दै गइरहेको छ । दक्षिण एशियाका मात्र देशहरूको अध्ययनले नेपालमा त्यस्तो ग्याप सबभन्दा चर्को रहेको पाइएको छ । जलवायु परिवर्तन, शिक्षा, स्वास्थ्य र आप्रवासनमा असमानता, बेरोजगारी र पेशागत सङ्कटहरूले धनीलाई झन् धनी र गरिबलाई थप गरिब बनाउँदै लगेको अध्ययनहरूले पुष्टि गरेका छन् ।

सन् २०२२ मा विश्व बैंकले सार्वजनिक गरेको तथ्याङ्क अनुसार नेपालका १० प्रतिशत धनाढ्यहरूको हातमा देशको ५७ प्रतिशत सम्पत्ति थुप्रिएको छ भने गरिब ४० प्रतिशत जनता सँग जम्मा १० प्रतिशत मात्र कूल सम्पत्तिको हिस्सा रहेको छ । यो औसत तथ्याङ्कबाट जात, लिङ्ग वा क्षेत्र विशेषको अध्ययन गर्दा आर्थिक असमानताको अवस्था दर्दनाक देखिन्छ । यसका अलावा, राजतन्त्रबारे विशेष महाधिवेशन हलमा विषय उठेको कुरा सार्वजनिक भयो । धर्म निरपेक्षताका विरुद्धमा जिम्मेवार नेताहरूबाट विशेष महाधिवेशन भइरहेकै समयमा सार्वजनिक भएका अभिव्यक्तिहरू पनि गम्भीर नै लाग्दछन् । यी र यस्ता विषयहरूले दल र मुख्य नेताहरूको परिवर्तन र प्रगतिशील मान्यताहरू प्रतिको प्रतिबद्धताबारे स्वाभाविक रूपमा प्रश्न उठ्दछन् ।

अपेक्षा र सुझाव असी वर्ष हाराहारीको घामपानी खेपेको नेपाली कांग्रेसले जीवनमा यो समेत जम्मा दुई वटा विशेष महाधिवेशन गरेको प्रसङ्गले मात्र पनि यस आयोजनाको संवेदनशीलतालाई बुझाउँछ । यसले त्यस दलमा बदलाव ल्याउने र त्यसको दीर्घकालीन प्रभाव पर्ने कुरा हामी जस्ता बाहिरियाहरूले आकलन गर्न सक्छौं । नेपाली कांग्रेस कस्तो बनाउने भन्ने कुरा कांग्रेसकै नेता कार्यकर्ताहरूमा अन्तरनिहित सार्वभौम अधिकारको कुरा हो तर, ती विचार र नीतिको उल्टो प्रभाव देश र समाजमा नपरोस् भन्ने हाम्रो चाहना हो ।

नेपाली कांग्रेस दक्षिणपन्थी दिशामा गयो भने नेपालका वामपन्थी शक्ति सँगको उसको लय बिग्रन्छ । त्यसले आजको संविधान र व्यवस्था चर्मराउन थाल्छ । त्यहाँबाट देश फेरि ध्रुवीकरणको दिशामा जान सक्छ । त्यसपछि फणा फिजाइरहेको दक्षिणपन्थी शक्ति र भूराजनीतिको चंगुलमा देश पस्न कत्ति पनि बेर लाग्दैन । आजको व्यवस्थाका प्रगतिशील प्रावधानहरू मध्ये कयौँमा विशेष महाधिवेशनको प्रतिबद्धता स्वागतयोग्य छ । तर माथि चर्चा भइसकेका केही विषयमा विशेष महाधिवेशन पछि हटेको, मौन रहेको वा अन्यथा सङ्केत गरेको छ, त्यसले देशलाई फाइदा गर्दैन । कांग्रेसले विचारमा दक्षिणपन्थ समात्यो भने त्यसले कांग्रेस र मुलुक दुवैलाई हित गर्दैन । त्यस्तो अवस्था आएमा वामपन्थी शक्तिहरूका बीच नयाँ शिराबाट एकताको बाटो भने खुल्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# निर्वाचनको प्रतीक्षामा देश

अच्युतप्रसाद पौडेल "चिन्तन"

चुनावी सरकार चुनावतिर लागेको छ, सरकारको सम्बोधन नै अन्तरिमबाहेक केही आएको छैन । बाटाहरु फरक छन्, दलहरु मार मुग्रीतिरै छन्, कांग्रेसको विशेष महाधिवेशनले पुराना राजनीतिकर्मीहरु डराउन पनि थालेका छन्, पुरानो विरासतमा धक्का लाग्ने देखेर । पृथ्वीपथ देशले छोड्न नहुने बाटो थियो, कतै नेतृत्वको घैँटामा घाम लाग्यो भने देश सुने झीनो आशा अझै छ । पृथ्वी जयन्तीमा देखिएको उत्साहले पनि इंगित गरेकै हो, अस्तितिर । देशले बिर्सेको विरासततिर पनि फर्कनुपर्छ कि जस्तो भइसकेको छ । सञ्चारमन्त्रीले हरेक दिन भन्ने गरेका छन्- देश चुनावमय भइसक्यो । साँच्चै फागुन २१ त ढोकैमा आइसकेको छ । देश हिजो पनि चुनावमय नै थियो, अस्ति पनि र भोलि पनि रहनेछ । तर कुलमानहरु फुलमान हुन थाले, पछिल्लो पुस्तामा पनि खट्पट शुरु भयो । सत्ताको भोक-तिर्खा कति प्यारो छ, यसबाट स्पष्ट हुन्छ ।

निवर्तमान गृहमन्त्री छानबिन आयोगसम्म पुगे, माउवालालाई होम डेलिभरी नै भयो, अर्थात् श्रीहरुलाई कसैले छुन पाउँदैन, लोकतन्त्रमा भएको प्रगति यही नै हो । अपराध लुकाउने काममा माहिर छन् पुराना पुस्ता सबैजसो । यो जनताले बुझेका छन् र आउने मतपत्र कसरी सुरक्षित राख्छन् ? हेर्न बाँकी छ । बहत्तर पछिको संविधान जुक्तिले जोगियो रे ! चौहत्तरले के दियो र उनासी वा बयासीले दिने के ? अर्लिइलेक्सन मात्रै देशले धान्छ कसरी ? भाद्रको जेन्जी विद्रोहपछि आउने फागुनमा आम निर्वाचन भनिएको छ र यसपछि कहिले हुने त्यो अनिश्चय छ । श्री ३ हरु लाई मिलाइदिने काम पुरानो विरासत शीतल निवासले गरेको छ, गुण्डु र बालवाटारको संयोगपछि अधिकांश नियुक्तिलाई गुण्डु साथ रहेको केही अनुभवीहरुले पंक्तिकारलाई खुलेरै बयान दिएका छन् । रास्वपाहरुको दम्दार तयारी छ, बालेन खुलेर आए, कुलमान बिच्किए, नबिच्किएका थिए भने श्री ३ हरुसँग पौँठा जोड्न यिनले सक्ने थिए, अबको परिणाम पहिलेको जस्तो छ्यासमिसे हुने भयो । बालेनहरु त पुरानालाई घुँडा टेकाउने पक्षमा छन् । बालेनका सुरक्षाकर्मी पनि चुनाव लड्ने र महानगरमा रविको विरासतको होहल्ला आइरहेको छ देशैभरि ।

गठजोडले देश नराम्ररी थलिएको हो । गरिब देशमा राजनीतिको यति ठूलो चमत्कार आवश्यक हो कि होइन, बहस आवश्यक छ । लोकतन्त्रको आदर्श निर्वाचन हो । सही, राम्रा र योग्य जनप्रतिनिधि छान्ने अवसर प्राप्त हुनु राम्रो हो । तर हाम्रो सन्दर्भमा निर्वाचन जनताका लागि कष्टकर भइरहेको छ, पछुतो भइरहेको छ । मतदाता निर्वाचनको एकदिन मात्र शासक बन्ने तर बाँकी दिन शासित हुनुपर्ने अवस्था छ । दलहरुले मिसन चौरासी भने अघिल्लो उनासीको लगत्तै, तर मिसन चौरासीमा पुग्नुअघि नै बयासीमै चुनाव हुने भयो, अहिलेसम्मको तयारी यही हो । यद्यपि ठूला, मेजर विषयमा जनमत संग्रहमा जानुपर्ने प्रश्न उठिरहेको छ, धेरै इस्यूहरु विवादित नै छन् । कोशी प्रदेशले आफ्नो अनुहार देखाउन सकेको छैन, मधेस प्रदेश झन् बेहालमा छ, देश चिर्ने कि चिन्ने, कसका लागि हो देश, किन जनशक्ति यहाँ टिकेनन् ? खोइ जमर्को कसले गरेको छ ? यता फागुन त चिसो मौसम, हिमाली क्षेत्रमा के गर्ने ? प्रश्न पनि आएको छ ।

लोकतन्त्रले अधिक जनता खाडी पठाए पनि बयासीमा हुने निर्वाचनमा मतदाता संख्या भने बढेको छ । ०७९ को आम निर्वाचनमा जम्मा मतदाता संख्या १ करोड ७९ लाख ८८ हजार ५७० थिए भने निर्वाचन आयोगले दिएको पछिल्लो विवरणमा यसपालिको मतदाता संख्या १ करोड ८८ लाख २५ हजार ६६४ पुगेको छ । फागुन २० सम्म १८ वर्ष पुग्नेले मतदान गर्न पाउनेछन् । यसपालिको जेन्जी आन्दोलनपछि तुरुन्तै आम निर्वाचन गर्ने राज्यको तयारी हो । यसअघि छानिएका जनप्रतिनिधिहरुले अब फेरि जनतामाझ जाने हिम्मत नगर्दा राम्रो हुन्छ, माउसंस्था नै ढलेकाले ।

निर्वाचन आयोगले केही आचारसंहिता जारी गरेको छ, सभामुख पनि औपचारिक रुपमा बाहिरिएनन्, उपसभामुख मात्रै बाहिरिएको अवस्था छ, अदालतको आशा पनि छ कतिपयमा । राजनीतिक दलसम्बन्धी ऐन २०७३ अनुसार आयोगले जारी गरेको आचारसंहितामा खासगरी उम्मेदवार दिँदा दलहरुले ३३ प्रतिशत महिलाकै दिनुपर्ने प्रत्यक्षतर्फ र आउने सन् २०३० सम्म यो ४० प्रतिशतमा उकाल्नुपर्ने नीति तय भएको छ । यसमा समावेशी कोटा सुनिश्चित हुनुपर्नेछ । निर्वाचन घोषणापत्रमा र चुनाव प्रचारप्रसार गर्दा कुनै जातजाति, धर्म, सम्प्रदाय, लिंगमा खलल पुग्न नहुने, कसैको चरित्र हत्या गर्न नहुने, कसैलाई धम्की गर्न नहुने, अरुको कमजोरी, अरुलाई विभेद गर्ने खालको, आत्मसम्मानमा ठेस पुग्ने खालको हुन नहुने, भ्रामक सूचना प्रवाह गर्न नहुने, मतदानको महत्व झल्कनुपर्ने, भाषा, क्षेत्र भौगोलिक अखण्डता, राष्ट्रियताका विषयमा संवेदनशील हुनुपर्ने, बालबालिकाको प्रयोग हुनु नहुने, कार्यक्रमहरु राख्दा एक दलले अर्को दललाई बाधा, निषेध गर्न नपाइने, अलोकतान्त्रिक कुनै पनि व्यहोरा दर्शाउन नपाइनेजस्ता आदर्शहरु अपनाउनुपर्ने निर्देशन जारी गरेको छ । आचारसंहिता इमानदारिताका साथ कार्यान्वयन हुनु/गर्नु कुनै पनि दल वा व्यक्तिको धर्म नै हो, जसले स्वच्छ प्रतिस्पर्धामा सहयोग गर्छ । गैरलोकतान्त्रिक चरित्रले हत्या, हिंसा, अराजकता, चुनावी वातावरण बिग्रने, बुथ क्याप्चर हुने, चुनाव नै रद्द हुनुपर्ने अवस्था पनि विगतमा देखिएकै हो ।

देशमा गरिबी छ, चुनावप्रति खुलेर लाग्न सकिरहेको अवस्था छैन अहिले । जुन जोगी आए पनि कान चिरिएको भन्ने उखानले सार्थकता पाएको अवस्था छ । जनप्रतिनिधिहरुले मतदाताको हित बिर्सेका, राज्य दोहनमा सिपालु भएका, करको मार बढेको, महँगीको त्रास थपिएको, संसदीय प्रणाली आफैँमा बढी खर्चिलो भएको उम्मेदवारीकै लागि ठूलो लगानी गर्नुपरेको, चुनाव धेरै महँगो हुँदै आएको, कमाउ धन्दामा लाग्नुपरेको र कतिपय केसहरु जनप्रतिनिधिहरुलाई अख्तियारले डाम्दै विशेषलगायतमा मुद्दा दर्ता गर्नुपरेको विषय पनि आम मतदातालाई जानकारी छ ।

सबैभन्दा राम्रा भनिएका अर्थ समितिका सभापतिको समेत हालत खराव भई अख्तियारले मुद्दा दर्ता गरेको छ । सुशासनको सख्त अभाव, बेरुजुको चाङ, अपारदर्शी दलहरुको व्यवहार, जिम्मेवारीबोध नभएको, भ्रष्टाचार बढी मौलाएकै कारण गत भाद्र २३ र २४ को जेन्जी आन्दोलन भएको थियो, जसले देशको केन्द्रीय निकाय सिंहदरबार मात्रै नभएर धेरै संयन्त्रहरु सखापै भए । प्रधानमन्त्री नै भाग्नुपर्ने अवस्था आई एकाएक चुनावी समय आएको र ठूला-ठूला दलहरु मिलेर बनेको सरकार ढलेको हो र प्रतिनिधिसभा पंगु भएको हो । भृकुटीमण्डपको महाधिवेशनमा व्यापारी खर्च प्रायोजन भनिएको अवस्था भृकुटीमण्डपबाटै फर्कंदा एक प्रतिनिधिले पंक्तिकारलाई बताए, व्यापारीहरुले पछि सुरक्षित अवतरण गर्न यसो गर्ने गरेका थिए पहिले पनि ।

मासु-भातमा मतदाताको रुचि पनि देखिएको र चुनावको मौन अवधिमा घरघरै देखभेट भएको अतीत पनि सुरक्षित रहेको अनि घोषणापत्रका कुनै बुँदाहरुप्रति पनि दलहरु गम्भीर नभएको पुरानो यथार्थ रहेको छ । बुढ्यौली भत्ता रु. ५ हजार भने तर गरेनन्, उल्टै उमेर बढाइदिए ६८ बाट ७० मा, रासायिनक मल कारखाना खोल्ने भने ५२ सालकै चुनावी घोषणापत्रमा तर गरेनन् । महँगी नियन्त्रण त दलको हातमै थिएन होला तर दलहरुले सुशासनको नारा व्यर्थमा खर्चिए, कार्य गरेनन्, जनता बिर्सिए घरदैलो पुगेनन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# घरायसी ग्राहकको खातामै ग्यासमा अनुदान पठाउने आयल निगमको वाचा अलपत्र

काठमाडौं/गत आर्थिक वर्ष नै घरायसी प्रयोजनमा खपत हुने ग्याससमा दिने अनुदानलाई ग्राहकको खातामै पठाइदिने र व्यावसायिक प्रयोजनका लागि भने अनुदान नदिने भनेको आयल निगमले अहिलेसम्म उक्त व्यवस्था कार्यान्वयनमा ल्याएको छैन । आयल निगमले कार्यविधि नै बनाएर सबैखाले उपभोक्तालाई परल मूल्यमै ग्यास बेच्ने तर घरायसी उपभोक्तालाई पर्ने बढी रकम भने उनीहरूकै बैंक खातामा पठाइदिने व्यवस्था माघ २०८१ भित्रै कार्यान्वयनमा ल्याउने बताएको थियो ।

तर, निगमले भनेको उक्त समय एक वर्ष घर्किसकेको छ । उक्त व्यवस्थाका लागि निगमले माघदेखि नै निगम र राष्ट्रिय वाणिज्य बैंक मिलेर एक सफ्टवेयर निर्माण भइरहेको र त्यो सफ्टवेयर एक महिनाभित्रै सञ्चालनमा आउने दाबी गरेको थियो । माघमै दिने भने पनि फेरि समय थपेर फागुन अन्तिमसम्ममा अनुदान दिने प्रक्रिया थाल्ने भनिएको थियो । पछि फेरि सफ्टवेयर तयार नभएका कारण ढिलाइ भएको भनेर समय थप गर्दै लगिएको थियो ।

निगमले समय थप गर्दै वाणिज्य बैंकले २०८२ साउन महिनासम्म उक्त सफ्टवेयर निर्माण पूरा गर्ने र सफ्टवेयर निर्माणको काम सकिएपछि एक साता उक्त सफ्टवेयरलाई परीक्षण (ट्रायल) का रूपमा प्रयोग गर्ने अनि भदौदेखि पूर्णरूपमा काम हुने भनेको थियो । तर, बारम्बार समय थप गरेर पनि निगमले विभिन्न बहाना बनाउँदै उक्त व्यवस्था कार्यान्वयनमा ल्याउन चाहेको छैन ।



निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले सरकार परिवर्तन र स्पष्ट नीतिगत निर्देशन अभावमा यो प्रक्रिया अगाडि बढ्न नसकेको दाबी गरे । तत्कालीन उद्योगमन्त्री दामोदर भण्डारीले निगमको ५५औं वार्षिकोत्सव उद्घाटन गर्दै माघ २०८१ देखि खाना पकाउने एलपी ग्यासमा फरक-फरक मूल्य कायम गर्ने तयारी भएको घोषणा गरेका थिए ।

उनले सोही वर्ष माघभित्र एलपी ग्यासलाई औद्योगिक र घरायसी प्रयोजनका लागि छुट्याएर दोहोरो मूल्य कायम गरिने भनेका थिए । तर, निगमले शनिबार मात्रै ५६औं वार्षिकोत्सव मनाइसकेको छ । 'अहिले यो प्रक्रिया अगाडि बढेको छैन, सरकार परिवर्तन भयो, अब यसमा सरकारको स्पष्ट प्रतिबद्धता चाहिन्छ,' कार्यकारी निर्देशक भट्टले संचारकर्मीसँग भने, 'निगमले मात्रै चाहेर अनुदानको भार बोक्न सक्दैन ।'

**परल मूल्यको चुनौती र मूल्य अन्तर**

निगमले हाल ग्यासलाई परल मूल्य (लागत मूल्य) भन्दा निकै कममा बिक्री गरिरहेको अवस्थामा थप अनुदान दिनु चुनौतीपूर्ण रहेको भट्टको भनाइ छ । यो विषय अब चुनावपछि आउने स्थायी सरकारको प्राथमिकतामा पर्नुपर्ने उनको भनाइ छ । 'अब चुनावपछि स्थायी सरकार भएपछि मात्र हामी यसलाई अगाडि बढाउँछौं,' उनले थपे ।

३ वैशाख २०८१ देखि निगमले ग्यासको मूल्य समायोजन गरेको छैन । अहिले निगमले १४.२ किलो ग्यास सिलिन्डरलाई १ हजार ९ सय १० रुपैयाँमा बिक्री गरिरहेको छ । यो मूल्यमा ग्यास बिक्री गर्दा निगमले घाटा बेहोर्नुपरेको बताउँदै आइरहेको छ ।

**सफ्टवेयर निर्माण पनि "पेन्डिङ"**

ग्यास अनुदान लक्षित वर्गसम्म पुऱ्याउन निर्माण भइरहेको विशेष सफ्टवेयरको काम पनि हाललाई रोकिएको छ । 'त्यो सफ्टवेयर निर्माणको काम पनि अहिले 'पेन्डिङ' (स्थगन) मै छ,' कार्यकारी निर्देशक भट्टले भने, 'नीतिगत कुराहरू नै कन्फर्म (निश्चित) नभएकाले गर्दा अहिलेलाई यो काम अगाडि बढ्न सकेको छैन ।'

निगमले पहिले ग्यास अनुदान दिने गरी तयारी थालेको भए पनि वर्तमान राजनीतिक र आर्थिक परिस्थितिका कारण देखाएर तत्कालै यो योजना सफल पार्ने खोजेको देखिँदैन । 'हामीले पहिले त चाँडै गर्ने भनेर अगाडि बढेका थियौं, तर अहिले त्यस्तो किसिमको वातावरण बनेको छैन,' उनले भने, 'अनुदानको विषय सरकारको विषय हो, कम्पनीले मात्रै दिने होइन ।'

सरकारले आयल निगमलाई स्पष्ट निर्देशन दिएको खण्डमा मात्र यो प्रक्रिया पुन: सुरु हुन सक्ने कार्यकारी निर्देशक भट्टको भनाइ छ । राष्ट्रिय तथ्यांक कार्यालयको २०७८ को जनगणना अनुसार नेपालका ४० प्रतिशत जनसंख्याले खाना पकाउने प्रयोजनका लागि ग्यास प्रयोग गर्ने गरेको देखिएको छ ।

यद्यपि, बजारमा आपूर्ति हुने कुल सिलिन्डरमध्ये कति घरायसी र कति व्यावसायिक प्रयोजनमा जान्छ भन्ने यकिन तथ्यांक भने अझै उपलब्ध छैन । निगमका अनुसार हाल मुलुकभरि मासिक करिब ४५ हजार टन ग्यास खपत हुने गरेको छ । यसरी खपत हुने कुल ग्यासको ठूलो हिस्सा व्यावसायिक क्षेत्रले ओगटेको निगमको अनुमान छ । निगमका कार्यकारी निर्देशक भट्टले उपलब्ध ग्यासमध्ये करिब ६० प्रतिशत होटल, रेस्टुरेन्ट तथा उद्योगजस्ता व्यावसायिक क्षेत्रमा खपत हुने बताए । बाँकी ४० प्रतिशत ग्यास मात्रै घरायसी चुल्होमा प्रयोग हुने गरेको उनी बताउँछन् ।

**आयल निगमको खुद नाफा साढे १३ अर्ब**

आयल निगमले गत आर्थिक वर्ष २०८१र८२ मा साढे १३ अर्ब रुपैयाँभन्दा बढी खुद नाफा कमाएको छ । निगमले गत आव ३ खर्ब ६७ अर्ब रुपैयाँको कुल कारोबार गरेको थियो । उक्त अवधिमा १३ अर्ब ६७ करोड रुपैयाँ बराबर खुद नाफा आर्जन गरेको कार्यकारी निर्देशक भट्टले बताए । निगमले १ खर्ब २४ अर्ब रुपैयाँ बराबर राजस्व योगदान गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# समाजवादी युवा जागरण अभियान हेटौंडामा आएर समापन




साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सञ्चालन गरेको समाजवादी युवा जागरण अभियान हेटौंडामा आएर समापन भएको छ ।

कञ्चनपुरको गड्डा चौकीबाट सुरु भएको अभियान ११ दिनपछि मकवानपुरको हेटौंडामा समापन गरिएको हो । पूर्व-पश्चिम अभियानअन्तर्गत देशका विभिन्न जिल्लाका ४५ स्थानमा कार्यक्रम आयोजना गरिएको माओवादीले जनाएको छ । अभियानका क्रममा पार्टीले सरकारसमक्ष प्रस्तुत गरेका १३ बुँदे माग कार्यान्वयन गराउन व्यापक जनदबाव सिर्जना गरिएको दाबी गरिएको छ । हेटौंडाको बुद्धचोकमा आयोजित अन्तिमसभालाई माओवादीका जिल्ला इन्चार्ज वाटर सी, स्थायी समिति सदस्य अनिल सी, अभियानका कमाण्डर तथा केन्द्रीय सदस्य प्रेम सी र अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की महासचिव राजकुमारी सीले सम्बोधन गरेका छन् । वक्ताले वर्तमान राज्यव्यवस्था असफल भइसकेको दाबी गर्दै देशलाई समाजवादतर्फ लैजान आवश्यक भएको धारणा राखे ।

उनीहरुले संविधान पुनर्लेखन, राष्ट्रिय स्वाधीनताको रक्षा र नेपाली संस्कृति संरक्षण अपरिहार्य भएको उल्लेख गरे । अभियानका कमाण्डर प्रेम सीले हेटौंडामा आयोजित समापनसभालाई सम्बोधन गर्दै अहिलेको राजनीतिक संकटको अग्रगामी निकास विप्लव नेतृत्वको नेकपा (माओवादी) ले अघि सारेका १३ बुँदे मागबाट मात्रै सम्भव हुने दाबी गरे । नेकपा (माओवादी) ले वर्तमान सुशीला कार्की नेतृत्वको सरकार खारेज गरी सर्वपक्षीय सरकार गठन गर्नुपर्ने माग गर्दै आएको छ । पुस २० गते कञ्चनपुरको पुनर्वास हुँदै महेन्द्रनगरबाट सुरु भएको अभियानमा कञ्चनपुरमा ५, कैलालीमा ४, बर्दियामा २, बाँकेमा २, दाङमा ५, कपिलवस्तुमा ४, रुपन्देहीमा ४, नवलपरासी पश्चिममा ६, नवलपुरमा ६, चितवनमा ४ र मकवानपुरमा २ स्थान गरी जम्मा ४५ ठाउँमा कार्यक्रम गरिएको थियो ।

यसअघि नेकपा (माओवादी) ले पुस ९ गते राष्ट्रपति रामचन्द्र पौडेलमार्फत् सर्वपक्षीय सरकार गठन, भ्रष्टाचारीलाई सर्वस्वसहित जन्मकैद, संविधान पुनर्लेखनलगायत १३ बुँदे माग राख्दै १० दिने अल्टिमेटमसहित ज्ञापनपत्र बुझाएको थियो । सरकारले यो अल्टिमेटमको समयसम्म चासो नदिएपछि माओवादीले पुस २० गतेदेखि पूर्व, वागमती प्रदेश र पश्चिमबाट एकैसाथ समाजवादी जागरण अभियान सुरु गरेको हो । माओवादीले यो अभियानलाई सडक संघर्षको पहिलो चरणको मोर्चा भएको जनाएको छ ।

# मनहरीमा राष्ट्रपति रनिङशिल्डको उपाधि राष्ट्रिय माविले जित्यो



साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/मनहरी गाउँपालिकास्तरीय अन्तरविद्यालय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि मनहरी-६, सुनाचुरीस्थित राष्ट्रिय माध्यमिक विद्यालयले जितेको छ ।

गतवर्षको शिल्ड विजेता राष्ट्रिय माविले लगातार दोस्रोपटक उपाधि जितेको मनहरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख प्रदीप पराजुलीले जानकारी दिए । शनिबार र आइतबार आयोजना गरिएको विभिन्न विधाको प्रतियोगितामा ७ स्वर्ण, ६ रजत र ३ कास्यपदक प्राप्त गर्दै राष्ट्रिय माध्यमिक विद्यालयले उपाधि हात पारेको हो । साविक उपविजेता मनहरी-१, मकरीस्थित बालजीवनज्योति माध्यमिक विद्यालयले ६ स्वर्ण, ६ रजत र ५ कास्य पदक हात पार्दै द्वितीय भएको छ । मनहरी-९, रजैयास्थित युवावर्षगंगा आधारभूत विद्यालयले ४ स्वर्ण, १ रजत र १ कास्यपदक जित्दै तृतीय हुन सफल भएको छ ।

प्रथम भएको राष्ट्रिय माविले राष्ट्रपति रनिङशिल्डसहित १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । द्वितीय र तृतीय भएको विद्यालयले शिल्ड र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा १८ वटा विद्यालयको सहभागिता थियो ।

पशुपतिनाथ माध्यमिक विद्यालयको व्यवस्थापनमा प्रतियोगिता भएको शाखाप्रमुख पराजुलीले बताए । आयोजक विद्यालयले एक स्वर्ण, एक रजत र २ कास्यपदक जित्न सफल भएको बताइएको छ ।

# पहिलो त्रैमासमा ३.०२ प्रतिशत आर्थिक वृद्धि



काठमाडौं/चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमास (साउन-असोज) मा अर्थतन्त्र ३.०२ प्रतिशतले विस्तार हुने प्रारम्भिक अनुमान गरिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले आर्थिक वृद्धिको प्रथम त्रैमासिक अनुमान सार्वजनिक गरेको छ । जस अनुसार आव २०८१/८२ को पहिलो त्रैमासिक अवधिको तुलनामा चालु आव अर्थतन्त्र ३.०२ प्रतिशतले विस्तार हुने अनुमान गरिएको हो ।

पहिलो त्रैमासमा खाद्यान्न बाली, वन पैदावार, निर्जीवन बीमा, आन्तरिक उत्पादनका निर्माण सामग्री लगायत उत्पादनमा देखिएको संकुचनका कारण यस त्रैमासको वृद्धिदर सामान्य अंकमा सीमित भएको कार्यालयको विश्लेषण छ ।

उता, विद्युत् उत्पादन तथा वितरण, वित्तीय क्रियाकलाप, पशुजन्य उत्पादन, फलफूल तथा तरकारी, व्यापार सेवा, पर्यटक आगमन लगायत क्रियाकलापमा भएको वृद्धिले अर्थतन्त्र विस्तारमा सहयोग गरेको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार यस त्रैमासमा अर्थतन्त्रको गणनामा समावेश १८ वटै औद्योगिक क्षेत्रको विस्तार धनात्मक छ ।

त्यस्तै मौसमी प्रभाव समायोजित तथ्यांकका आधारमा कुल गार्हस्थ उत्पादन (जीडीपी) आधार भूत मूल्यमा तुलना गर्दा अघिल्लो आवको चौथो त्रैमास अवधिभन्दा चालु आव पहिलो त्रैमासमा १.६८ प्रतिशतले अर्थतन्त्र संकुचनमा आएको छ । यस त्रैमासमा कुल १८ औद्योगिक क्षेत्रमध्ये १३ मा ऋणात्मक वृद्धि देखिएको छ । जसको असर समग्र अर्थतन्त्रमा देखिएको छ ।

**विद्युत् र ग्यासले अर्थतन्त्र विस्तारमा सहयोग**

पहिलो त्रैमासिक अवधिमा औद्योगिक क्षेत्र अनुसार सबैभन्दा बढी मूल्य अभिवृद्धि विद्युत् र ग्याससँग सम्बन्धित क्रियाकलापको देखिएको छ । जसको वृद्धिदर १४.९१ प्रतिशत छ । यसबाहेक वित्तीय तथा बीमासम्बन्धी क्रियाकलापमा ७.०७ प्रतिशत र पेसागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप क्षेत्रमा ५.५२ प्रतिशतको वृद्धिदर देखिएको छ ।

अर्थतन्त्रमा सबैभन्दा बढी योगदान गर्ने कृषि क्षेत्रको वृद्धिदर भने १.३६ प्रतिशतमात्र हुने देखिएको छ । धानबाली उत्पादनमा कमी आउने अनुमानका आधारमा कृषिको वृद्धिदर कम हुने भएको हो । यसबाहेक पशुपन्छी, तरकारीबाली तथा फलफूलमा भने उत्पादन वृद्धि भएको कार्यालयले जनाएको छ । अर्थतन्त्रमा दोस्रो ठूलो हिस्सा ओगट्ने थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ३.८९ प्रतिशत हुने अनुमान छ ।

व्यापारजन्य वस्तु स्वदेशी उत्पादन तथा आयातमा भएको वृद्धिका कारण यो क्षेत्र धनात्मक रहन गएको विश्लेषण छ । यस त्रैमासमा सबैभन्दा कम वृद्धिदर पानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन तथा उपचारात्मक क्रियाकलापमा छ । जुन १.११ प्रतिशत छ । यसबाहेक मानव स्वास्थ्य तथा सामाजिक क्रियाकलापको १.१९ प्रतिशत छ ।

उता, अघिल्लो आव अन्तिम त्रैमासिक अवधिको तुलनामा भने खानी तथा उत्खनन, सार्वजनिक प्रशासन तथा रक्षा र सामाजिक सुरक्षाको वृद्धिदर सबैभन्दा धेरैले ऋणात्मक रहेको अनुमान छ ।

विद्युत्, ग्यास, सूचना तथा सञ्चार, पेसागत, वैज्ञानिक तथा प्राविधिक सेवामा भने बढी वृद्धि भएको अनुमान छ । अर्थतन्त्रमा सबैभन्दा बढी योगदान गर्ने कृषिमा १.६५ प्रतिशतको संकुचन आएको छ ।

चालु आव पहिलो त्रैमासिक अवधिमै जेनजी आन्दोलन भएको थियो । यति हुँदाहुँदै नयाँ सरकारले निर्माण क्षेत्र चलायमान बनाउँदा यी क्षेत्रमा सकारात्मक प्रभाव देखिएको छ । तर, उद्योग क्षेत्रमा भने ठूलो उत्साह छैन । निर्माणमा ३.२६ प्रतिशतको विस्तार आउँदा उद्योगमा १.५२ प्रतिशतको मात्र वृद्धिदर छ ।

**के हो आर्थिक वृद्धिदर ?**

कार्यालयका अनुसार आर्थिक वृद्धिदर भनेको कुनै पनि अर्थतन्त्रभित्र निश्चित समयावधिमा सञ्चालित आर्थिक क्रियाकलापबाट मूल्य अभिवृद्धि भई नयाँ उत्पादन भएका वस्तु तथा सेवाको स्थिर मूल्यमा अघिल्लो अवधिको तुलनामा भएको प्रतिशत परिवर्तन हो ।

अर्थात्, आर्थिक वृद्धिदर भनेको अघिल्लो अवधिको तुलनामा राष्ट्रको स्थिर मूल्यको कुल गार्हस्थ उत्पादन (रियल जीडीपी) मा हुने परिवर्तन हो । यो मुलुकको अर्थतन्त्रको अवस्था मूल्यांकन गर्ने सूचक समेत हो ।

*(स्रोत: अनलाइनखबर)*

# दुई मुद्दाका आरोपपत्र फिर्तापछि रविलाई के हुन्छ ?



काठमाडौं/ महान्यायाधिवक्ता सविता भण्डारी बरालले बुधबार राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध विभिन्न अदालतमा चलेका फौजदारी मुद्दाको आरोप-पत्र संशोधन गर्न सम्बन्धित सरकारी वकिलहरुलाई स्विकृति दिइन् ।

उनको यो निर्णयपछि पाँचवटा जिल्ला अदालतमा चलिरहेका मुद्दाहरुमा जोडिएको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको आरोप फिर्ता लिने बाटो खुलेको छ । महान्यायाधिवक्ता भण्डारीले मूलत: सहकारी ठगीको आरोप-पत्र यथावत राखेर त्यसमा थपिएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको आरोप फिर्ता लिन स्वीकृति दिएकी हुन् ।

महान्यायाधिवक्ताको उक्त निर्णयसँग जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले कास्की जिल्ला अदालतमा चलिरहेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको आरोप फिर्ता लिन बाटो खुलेको छ । जिल्ला अदालत कास्कीमा मात्रै लामिछाने र उनकी पत्नी निकिताविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा चलेको थियो ।

त्यसैगरी रुपन्देही, काठमाडौं र पर्सा जिल्ला अदालतमा चलिरहेका मुद्दाबाट संगठीत अपराधको आरोप फिर्ता लिने बाटो खुलेको छ । चितवन जिल्ला अदालतमा भने संगठित अपराध र सम्पत्ति शुद्धीकरण दुवै मुद्दा चलेको थिएन ।

संगठित आरोप आफूमा छुट्टै कसुर होइन । तर तीन वा त्यो भन्दा बढी व्यक्ति मिलेर संगठित रुपमा अपराध गरेको भेटिएमा मूल मुद्दामा संगठित अपराधको पनि आरोप जोड्ने कानुनी व्यवस्था छ । संगठित अपराधको आरोप पुष्टि भए मूल कसुरको डेढ गुणासम्म सजाय हुन्छ ।

कुनै अपराधबाट सम्पत्ति आर्जन गरेको भेटिएमा सम्पत्ति शुद्धीकरणको आरोप लाग्छ । त्यो आरोप पुष्टि भए बिगो र त्यसको दोब्बर जरिवाना हुन्छ भने दुईदेखि १० वर्षसम्म कैद सजाय हुनसक्छ ।

महान्यायाधिवक्ता कार्यालयको यो निर्णयसँगै रवि लामिछानेलाई प्रत्यक्षत: दुईवटा फाइदा हुने देखिन्छ । उनीविरुद्ध चलेको मुद्दामा अब पीडितहरुसँग मिलापत्र गर्ने बाटो खुला भएको छ, मिलापत्र हुनासाथ अदालतमा चलिरहेको मुद्दा फिर्ता हुन्छ ।

यसअघि संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग पनि जोडिएकाले रवि विरुद्धको मुद्दामा मिलापत्र हुने अवस्था थिएन । सहकारी ठगीको मात्रै अभियोगमा भने मिलापत्र गर्न पाउने व्यवस्था नै छ ।

'संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोगमा मिलापत्र गर्न मिल्दैन' महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता अच्यूतमणि न्यौपाने भन्छन्, 'ती अभियोग नजोडिँदा सहकारी सम्बन्धी कसुरका मुद्दामा मिलापत्र गर्न बाधा पर्दैन ।'

महान्यायाधिवक्ता कार्यालयले गरेको निर्णयबाट केहीगरी तत्काल मुद्दा फिर्ता नहुने भएपनि रवि लामिछानेलाई सार्वजनिक पदमा पुग्न बाधा पर्दैन । सम्पत्ति शुद्धीकरणको अभियोगका कारण उनी निर्वाचित भइहालेमा निलम्बित अवस्थामा रहनुपर्थ्यो । अब भने सांसदको पदमा पुग्न र क्रियाशील हुन कुनै बाधा पर्दैन ।

केही साताअघि उच्च अदालत बुटवलको आदेशका कारण थुनामुक्त भएका रवि लामिछानेले आफूविरुद्ध विभिन्न जिल्ला अदालतमा चलिरहेको अभियोगमध्ये सम्पत्ति शुद्धीकरण र संगठित अपराधको आरोप फिर्ता हुनुपर्ने माग राखी महान्यायाधिवक्ता कार्यालयमा निवेदन दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# वितरक रोहितले 'मिरमिरे'मा किन गरे लगानी ?

काठमाडौं/वितरकको रूपमा परिचित रोहित कट्टेलले पछिल्लो समय फिल्ममा लगानी पनि गरिरहेका छन् । फिल्म 'कृष्ण लीला'बाट निर्माणमा हात हालेका उनले त्यसपछि 'बिहे पास' बनाए । भोलि बिहीबारदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'मिरमिरे'का पनि उनी लगानीकर्तामध्ये एक हुन्। यसको देशव्यापी वितरण उनी स्वयंको कम्पनी आरआर फिल्म्सले गर्दैछ ।

रोहित 'मिरमिरे'मा आफूलाई लगानी गर्न कथाले प्रेरित गरेको बताउँछन् । भन्छन्, 'निर्माणका हिसाबले यो मेरो तेस्रो फिल्म हो । जब मलाई निर्देशक यम शेर्पाले फिल्मको कथा सुनाउनुभयो, मलाई एकदमै मन पऱ्यो । समय सान्दर्भिक पनि लाग्यो । एउटा राम्रो कथामा फिल्म निर्माणका लागि अफर आउँदा किन सहकार्य नगर्ने भन्ने भएर लगानी गरेको हुँ ।'

बाबु र छोरीबीचको भावनात्मक सम्बन्धको कथाले आफूलाई बढी छोएको उनले बताए । निर्माता र वितरकको रूपमा राम्रो फिल्म दर्शकमाझ ल्याउनु आफ्नो दायित्व पनि रहेको बताउँदै उनले भने, 'यो हामी सबै नेपालीको साझा कथा हो । घर घरको कथा हो । हामी धेरै नेपालीले भोगेको, देखेको र सुनेको कथा हो । त्यसैले मलाई सुन्न बित्तिकै यो कथा एकदमै मन परेको थियो ।'

यम शेर्पाको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा दयाहाङ राई, प्रकाश सपूत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ, नमनराज गजुरेल लगायतको अभिनय रहेको छ । फिल्मले मुख्य रूपमा बाबु-छोरीबीचको सम्बन्ध र त्रिकोणात्मक प्रेमकथालाई केन्द्रमा राखेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सोनाम ल्होछार अवसरमा ४ पालिकामा सार्वजनिक बिदा

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/तामाङ समुदायको साँस्कृतिक पर्व मन्जुश्री सम्वत् २८६२ (ता ल्हो, घोडावर्ग) सोनाम ल्होछारको अवसरमा पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिकाले दुई दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

ल्होछारको अवसरमा गाउँपालिका अध्यक्ष राजकुमार मल्लले शुभकामना सन्देश जारी गर्दै माघ ४ र ५ गते दुई दिन गाउँपालिका भित्र सार्वजनिक विदा दिने निर्णय गरेका हुन् । माघ ५ गते माघ शुक्लप्रतिपदाको दिन हर्षोल्लासपूर्वक मनाउने सोनाम ल्होछारको उपलक्ष्यमा गाउँपालिका अध्यक्ष मल्लले शुभकामना व्यक्त गर्दै यस पर्वले बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा जातीय विविधतायुक्त राक्सिराङ गाउँपालिकामा आपसी सद्भाव, सामाजिक एकता, बन्धुत्व, प्रेम र समताको भावना अभिवृद्धि गरी शान्त, समुन्नत तथा समृद्ध राक्सिराङ निर्माणमा प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरेका छन् ।

'तामाङ बाहुल्य रहेकोले खुशीयालीपूर्वक मनाउन सार्वजनिक बिदा अवधिमा गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालय, शिक्षण संस्था, सार्वजनिक संघसंस्था तथा बैंक तथा वित्तीय संस्था बन्द रहनेछ । सबै पर्वलाई उल्लासमय बनाउन राष्ट्रिय एवम् स्थानीय सबै पर्वमा सम्मानजनक ढंगले गाउँपालिकामा सार्वजनिक विदा दिने गरिएको छ', गाउँपालिका अध्यक्ष मल्लले भने । कैलाश गाउँपालिकाले पनि तामाङ समुदायको नयाँ वर्ष सोनाम ल्होसारको अवसरमा शुभकामना व्यक्त गर्दै गाउँपालिकाभित्र दुईदिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।




तामाङ समुदायको बाहुल्यता रहेको क्षेत्रलाई मध्यनजर गर्दै गाउँपालिकाले माघ ४ र ५ गते २ दिन कैलाश गाउँपालिकाभित्र सार्वजनिक बिदा दिने निर्णय गरेको अध्यक्ष लोक मुक्तानले जानकारी दिए । यो अवधिमा गाउँपालिका अन्तर्गतका सबै सरकारी कार्यालय, शैक्षिक संस्था, सार्वजनिक संघसंस्था तथा बैंक तथा वित्तीय संस्था बन्द रहनेछन् । गाउँपालिका अध्यक्ष मुक्तानले बुधबार जारी गरेको शुभकामना सन्देशमा सोनाम ल्होसारले तामाङ समुदायको भाषा, संस्कृति, परम्परा र पहिचानको संरक्षण तथा प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताएका छन् ।

'सोनाम ल्होसारले सकारात्मक सोच, अनुशासन र परिश्रममार्फत समृद्ध समाज निर्माण गर्न सबैलाई प्रेरित गरोस् भन्ने हाम्रो कामना हो,' अध्यक्ष मुक्तानले बताए ।

यसैगरी, तामाङ समुदायको बाहुल्यता रहेको पूर्वी मकवानपुरको बकैया गाउँपालिकाले सोनाम ल्होछार पर्वको अवसरमा तीनदिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । गाउँपालिकाले बुधबार जारी गरेको सूचनामा माघ ३, ४ र ५ गते स्थानीय बिदा दिने भएको हो ।

यो अवधिमा गाउँपालिकाका सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्था बन्द हुने सूचनामा उल्लेख छ । पालिकाका प्रमुख प्रशासकीय अधिकृत बिनोद पोखरेलले हस्ताक्षर गरेको सूचनामा मञ्जुश्री संवत २८६२ ता ल्हो (घोडावर्ग) सोनाम ल्होछारको शुभकामना व्यक्त गरिएको छ ।

यसैबीच मनहरी गाउँपालिकाले पनि सोनाम ल्होसारको अवसरमा एक दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ । गाउँ कार्यपालिकाको कार्यालयले जारी गरेको सूचनाअनुसार माघ ४ गते गाउँपालिका क्षेत्रभित्र रहेका सबै सरकारी कार्यालय, शैक्षिक संस्था तथा सार्वजनिक संघसंस्थामा सार्वजनिक विदा हुनेछ । मनहरी गाउँपालिकामा तामाङ समुदायको बहुलता रहेकाले सांस्कृतिक सम्मानस्वरुप सार्वजनिक विदा दिने निर्णय गरिएको गाउँपालिकाले जनाएको छ ।

# मनहरीको संशोधित योजना तथा कार्यक्रम स्वीकृत




साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ मकवानपुरको मनहरी गाउँपालिकाको १८ औं हिउँदे अधिवेशन सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको अध्यक्षतामा भएको गाउँसभाले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा उल्लेखित केही आयोजना तथा कार्यक्रम संशोधन गर्ने निर्णय गरेको छ ।

गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरले गाउँसभामा विभिन्न ३७ वटा योजना संशोधनको लागि पेश गरेकोमा गाउँसभाबाट सर्वसम्मत स्वीकृत भएको हो । गाउँसभामा उपाध्यक्ष पुलामीले पेश गरेको आर्थिक ऐन २०८२ को पहिलो संशोधन प्रस्ताव पनि स्वीकृत भएको छ । यस्तै गाउँसभामा सुशासन तथा संस्थागत विकास समिति संयोजक ठाकुरराम तितुङले पेश गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि स्वीकृत भएको छ ।

गाउँसभाको शुन्य समयमा सभा सदस्य हीराबहादुर प्रजा, नवराज सुवेदी, रामप्रसाद सुवेदी लगायतले समसामयिक विषय तथा समस्याको बारेमा धारणा राखेका थिए । गाउँसभामा गाउँपालिका अध्यक्ष कालाखेतीले समसामयिक विषयमा धारणासहित १८ औं अधिवेशन अन्त्य भएको घोषणा गरेका थिए । गाउँपालिकाको प्रतीकचिन्ह सार्वजनिक गरिएको छ । गाउँपालिकाको नारा 'शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार: समृद्ध मनहरीको आधार' लेखिएको प्रतीक चिन्हमा वन्यजन्तु, मानिसको विविधतायुक्त चित्र, कृषक र अन्नबालीको चित्र, प्राकृतिक दृश्य, नेपालको झण्डा समेटिएको छ । रातो, नीलो र हरियो रङको प्रयोग गरी हेटौंडाकी संविधा पौडेलले प्रतीकचिन्ह निर्माण गरेकी हुन् ।

कार्यपालिका बैठकबाट यसअघि नै स्वीकृत भएको प्रतीकचिन्ह गाउँसभाबीच गाउँपालिका अध्यक्ष कालाखेती, उपाध्यक्ष पुलामी र प्रमुख प्रशासकीयअधिकृत रमेश सुवेदीले सार्वजनिक गरेका हुन् । लोगोले मनहरी गाउँपालिकाको समग्र सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीय र भौगोलिक पक्षलाई एकैसाथ उजागर गर्ने लोगो निर्माण समितिका संयोजक वडा नम्बर ५ का वडाध्यक्ष दीपेन्द्र अधिकारीले जानकारी दिए । लोगोमा उल्लेखित बाघ, हात्ती, गैंडा जस्ता वन्यजन्तुले मनहरीक्षेत्रको प्राकृतिक सम्पदा, जैविक विविधता, र चितवन राष्ट्रिय निकुञ्जसँगको सामीप्य झल्काउनुका साथै महिला र पुरुषको समूहले विभिन्न समुदायको प्रतिनिधित्व गरी समावेशी विकास र सामाजिक एकता देखाउने लोगो निर्माणकर्ताको भनाइ छ ।

महिला र बालबालिकाको चित्र महिला सशक्तीकरण, बालअधिकार र लैंगिक समानता प्रतीक भएको उल्लेख छ । कृषक र अन्नबालीको चित्रले स्थानीय उत्पादन, कृषि आत्मनिर्भरता र जैविकखेतीको प्रतिनिधित्व गर्ने बताइएको छ ।

# थाहा नगरसभा विभिन्न प्रस्ताव पास गर्दै सकियो



साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/थाहा नगरपालिकाको १९ औं अधिवेशनले चालु आर्थिक वर्षको हालसम्मको प्रगती समीक्षा प्रतिवेदन बहुमतले पास गरेको छ ।

बुधबार थाहा नगरपालिकामा भएको सभामा आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीले पेश गरेको संशोधित बजेट तथा कार्यक्रमसमेत सभाको बहुमत सदस्यले पास गरेका छन् । थाहा नगरउपप्रमुख भरत गोपालीको अध्यक्षतामा भएको अधिवेशनले आर्थिक ऐन, २०८२ संशोधन गरेको छ भने थाहानगर खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०७६ को पहिलो संशोधन प्रस्ताव पास गरेको छ । थाहा नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा कुल विनियोजित बजेट ९७ करोड ७० लाख रकममध्ये हालसम्म २२ करोड १४ लाख ९६ हजार अर्थात् कूल बजेटको २२.२६ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ ।

चालुतर्फ ५८ करोड ९६ लाख विनियोजन भएकोमध्ये १८ करोड ७८ लाख अर्थात् ३१ दशमलब ८५ प्रतिशत र पूँजीगततर्फ ३८ करोड ७४ लाख विनियोजन भएकोमध्ये ३ करोड ३६ लाख अर्थात ८ दशमलब ६९ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ । त्यसैगरी आन्तरिक राजस्व संकलनतर्फ भने लक्ष्यको १० दशमलब १५ प्रतिशत मात्र वित्तीय प्रगती हासिल गरेको सभालाई जानकारी गराइएको थियो । चालु आर्थिक वर्षका लागि १५ वटा ठेक्का प्रणालीमा जाने आयोजनामध्ये ११ वटाको ठेक्का आव्हान भइसकेको ७ वटा सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ भने बाँकी ४ वटा ठेक्का प्रक्रियामा रहेको जानकारी गराइएको थियो ।

नगरस्तरीय र वडास्तरीय जम्मा १ सय ८५ वटा परियोजना ठेक्का तथा उपभोक्ता समितिद्वारा कार्यान्वयनमा रहेका छन् । हालसम्म उपभोक्ता समितिद्वारा सञ्चालित आयोजनामध्ये ११ वटा सम्पन्न भइसकेका छन् भने सम्पन्न आयोजनाको अनुगमनकार्य पूरा गरिएको जनाइएको छ । अधिवेशनमा सभासदस्य युवराज विष्ट, कृष्णकुमार कार्की, अर्जुन कार्कीलगायतले बोलेका थिए । उनीहरुले सभामा पेश भएको प्रस्तावका विषयमा धारणासहित सुझाव पेश गरेका थिए । सभासचिव एवं प्रमुख प्रशासकीय अधिकृत निरज पौडेल, प्रशासन महाशाखाप्रमुख नवीन खालिङ सभा सदस्यहरु तथा कर्मचारीको उपस्थिति थियो ।

# बाघझोरामा पुल निर्माणका लागि १० करोड स्रोत सुनिश्चित

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ त्रिभुवन राजमार्गअन्तर्गत भैंसे-हेटौंडा सडक खण्ड भीमफेदी गाउँपालिकामा पर्ने बाघझोरा खहरे खोलाका कारण वर्षेनी यात्रुले भोग्दै आएको समस्या दीर्घकालीन समाधानका लागि पुल निर्माण प्रक्रिया अघि बढ्ने भएको छ ।

मकवानपुर क्षेत्र नम्बर २ का निवर्तमान सांसद तथा नेकपा (एमाले) का तत्कालीन मुख्यसचेतक महेशकुमार बतौलाको पहलमा यस आयोजनाका लागि प्रारम्भिकरुपमा १० करोड रुपैयाँ बजेट स्रोत सुनिश्चित गरिएको हो ।

बाघझोरा खहरे खोलामा थोरै वर्षा हुँदा पनि खहरे बाढी आएर घण्टौंसम्म सडक अवरुद्ध हुने समस्या लामो समयदेखि रहँदै आएको थियो । यसले त्रिभुवन राजमार्ग भएर दैनिक आवतजावत गर्ने हजारौं यात्रु, सवारीचालक तथा ढुवानी व्यवसायीलाई ठूलो सास्ती हुँदै आएको थियो ।

निवर्तमान सांसद बतौलाले प्रतिनिधिसभा सदस्यको जिम्मेवारीमा रहँदा यो समस्याको दीर्घकालीन समाधानका लागि ओभर पास वा अण्डरपास कुन उपयुक्त हुने भन्ने विषयमा प्राविधिक अध्ययनसहित काम अघि बढाउन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली तथा तत्कालीन संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देबेन्द्र दाहालसमक्ष विशेष माग राखेका थिए ।

प्रतिनिधिसभा विघटनपछि पनि निरन्तर समन्वय र सहजीकरण गर्दै आएको बतौलाले बाघझोरा खोलामा पुल निर्माणका लागि संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत प्रारम्भिकरुपमा १० करोड रुपैयाँ स्रोत व्यवस्थापन हुन सफल भएको जानकारी दिएका छन् ।

उनका अनुसार अब केही हप्ताभित्रै आवश्यक प्राविधिक अध्ययन सम्पन्न गरी निर्माणकार्य अघि बढाउन ठेक्का प्रक्रिया सुरु गरिने तयारी भइरहेको छ । पुल निर्माण सम्पन्न भएपछि त्रिभुवन राजमार्ग भएर देशका विभिन्न भागतर्फ यात्रा गर्ने यात्रुलाई सहजता हुने र वर्षायाममा बारम्बार सडक बन्द हुने समस्या दीर्घकालीन समाधान हुने विश्वास लिइएको छ । यसकार्यका लागि सकारात्मक सहयोग पुऱ्याउने सम्पूर्ण मकवानपुरबासीप्रति आभार व्यक्त गर्दै बतौलाले पुल निर्माणले क्षेत्रीय मात्र नभई राष्ट्रियस्तरमै आवागमनलाई सहज बनाउने उल्लेख गरेका छन् । बाघझोरा खहरे खोलामा बन्ने पुलले त्रिभुवन राजमार्गको यो संवेदनशील खण्डलाई सुरक्षित र भरपर्दो बनाउने अपेक्षा गरिएको छ ।

# बागमती प्रदेशमा सचिवहरुको जिम्मेवारी हेरफेर

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ बागमती प्रदेश सरकारले विभिन्न मन्त्रालयमा कार्यरत सचिवहरुको जिम्मेवारी हेरफेर गरेको छ । संघीय सरकारबाट आएका सहसचिव (प्रदेशसचिव) र प्रदेशका ११ औं तहका सचिवहरुको सरुवा तथा पदस्थापन गरिएको हो ।

युवा तथा खेलकुद मन्त्रालयमा कार्यरत सचिव बलराम ढकालको राष्ट्रपति कार्यालयमा सरुवा भएकाले रिक्त पदमा संघीय सरकार बाट सरुवाभई आएकी गोमा हुमागाईंलाई जिम्मेवारी तोकिएको छ । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयमा कार्यरत सचिव हेमराज भुषाललाई श्रम, रोजगार तथा यातायात मन्त्रालयमा सरुवा गरिएको छ भने हेमराज भुषालको स्थान (उद्योग मन्त्रालय)मा जीवलाल भुषाललाई जिम्मेवारी दिइएको छ । यसअघि श्रम मन्त्रालयमा कार्यरत सचिव रामबाबु पुरीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी तोकिएको छ ।




सहकारी तथा गरिबी निवारण मन्त्रालयमा कार्यरत खुबीराम अधिकारीलाई सामाजिक विकास मन्त्रालयमा पठाइएको छ । प्रदेश सरकारले ४३ दिनमा नै सचिव रामबाबु पुरीको जिम्मेवारी फेरबदल गरेको छ । गत मंसिर ३ मा प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी तोकिएका सचिव पुरीको पुस १६ मा नै सरुवा गरिएको हो ।

४३ दिन यो मन्त्रालयमा काम गरेका सचिव पुरीलाई दोहोरो जिम्मेवारी दिइएको छ । उनलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी तोकिएको हो ।

यातायात कार्यालय बालाजुको ट्रायल सेन्टर टेण्डरको क्रममा श्रम रोजगार तथा यातायात मन्त्री जयराम थापाले आफूलाई असहयोग गरेको भन्दै सचिव पुरीलाई मन्त्रालय छाडेर जान भनेका थिए । ट्रायल सेन्टरको विवादमा मन्त्री थापाको प्रवृत्तिका कारण सचिव पुरी आफ्नो जिम्मेवारी फेरिदिन प्रमुख सचिव बाबुराम अधिकारीसमक्ष पुगेका थिए । त्यसको एक सातापछि उनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आएका हुन् ।

# मामाघर नेपाललाई एडिलेड फुटबल क्लबको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ अष्ट्रेलियाको एडिलेड फुटबल क्लबले मामाघर नेपाल मकवानपुरलाई आर्थिक सहयोग गरेको छ । सडक बालबालिका व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरलाई क्लबले नगद २ लाख आर्थिक सहयोग गरेको हो ।

क्लबको आयोजनामा सम्पन्न प्रोफेशन र एजेण्ड च्यारिटी फुटबल खेल संकलित रकम सहयोग गरिएको हो । सहयोग रकम क्लबका प्रतिनिधि मोति नराल, उनका बुवा गोपाल नराल, आमा ज्ञानु नराल र भाइ सन्दीप न्यौपानेको उपस्थितिमा हस्तान्तरण गरिएको हो । मामाघरका संरक्षक शालिकराम ढकालको समन्वयमा प्राप्त सहयोगले भान्जाहरुका लागि सञ्चालन हुँदै आएको दैनिक सेवामा थप टेवा पुग्ने संस्थाले जनाएको छ ।




## हेटौंडा उपमहानगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
### हेटौंडा, मकवानपुर
### बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

प्रस्तुत बिषयमा सर्वपक्षिय भेलाबाट मिति २०७६।०९।०७ गते अगाडीसम्म निषेधित क्षेत्र बाहेक हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालन गर्न सम्बन्धित कार्यालयबाट बाटो ईजाजत पत्र प्राप्त गरी हालसम्म कुनै स्टिकर टाँस नगरेको तथा बिबिध कारणले २०८०/२०८१ सम्म स्टिकर टाँस गरी अहिले टाँस गर्न छुट भएका ३ पाङ्ग्रे सवारी साधन (अटो तथा मयुरी) हरूले आवश्यक प्रमाण सहितको कागजात संलग्न राखी मिति २०८२।१०।०२ देखि मिति २०८२।१०।१० गते सम्म ३ पाङ्ग्रे सवारी ब्यवस्थापन ईकाई कार्यालय थानाभऱ्याङमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**३ पाङ्ग्रे सवारी साधन ब्यवस्थापन ईकाई**
**हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**थानाभऱ्याङ, हेटौंडा-११, मकवानपुर**